हरित नगर समृद्ध दमक

# दमक नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

दमक, झापा

१ नं. प्रदेश, नेपाल

## चमेनागृह सञ्चालन सम्बन्धी शिलवन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७६/५/३०

दमक नगरपालिका वडा नं. ७ पशुहाट बजार केन्द्रमा रहेको नवनिर्मित भवनमा आ.व. २०७६/७७ मा सम्झौता भएका मितिदेखि लागू हुने गरो घटिमा ५ बर्षसम्म आवास सहितको चमेनागृह सञ्चालन गर्नका लागि तपसिलका शर्तहरु पालना गर्ने गरी आवास सहितको चमेनागृह संचालन गर्नका लागि ईच्छुक मु.अ.करमा दर्ता भएका, कम्तीमा ५ बर्ष होटल तथा लज व्यवशाय संचालनको अनुभवन भएका व्यवशायीहरुले प्रथम पटक सूचना प्रकाशन भएका मितिले १५ दिन भित्र तोकिएको शिलवन्दी प्रस्ताव पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै यो सूचना यस कार्यालयको वेभसाईट www.damakmun.gov.np मा समेत हेर्न सकिने छ। यो सूचना सम्वन्धि अन्य थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र दमक नगरपालिकामा सम्पर्क राख्न सकिनेछ।

**शर्तहरु**

१. दरभाउपत्र फारम रु.१०००/- एक हजार मात्र यस कार्यालयमा आई नगदी रसिद लिई सो को सक्कल रसिद साथ होटल तथा लज व्यवशायको मु.अ.कर दर्ताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र र दमक नगरपालिकाको ठेगानामा दर्ता भएको भए व्यवशाय दर्ता प्रमाणपत्र र चालु बर्षको व्यवशाय कर बुझाएको प्रमाणको प्रतिलिपी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।

२. खरिद गरिएको दरभाउपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १६औं दिन दिनको १२ बजे भित्रमा कवोल गरेको रकमले ५ बर्षसम्मको हुने भाडा रकमको ५% ले हुने रकम धरौटी वापत यस दमक नगरपालिकाको रा.बा.बैक दमकमा रहेको धरौटी खाता नं. २१४०३०३००७१०२ मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ।

३. कुनै कारणवश दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सो को भालीपल्ट कायम हुनेछ।

४. पेश भएका दरभाउपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६औं दिन दिनको २:०० बजे यस कार्यालयमा कार्यालयका प्रतिनिधिहरु तथा प्रस्ताव पेश गर्ने प्रस्तावदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। तर प्रस्तावदाताका प्रतिनिधिहरु उपस्थित नभएका कारणले दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

५. दरभाउपत्र स्वीकृत वा अस्वीकृत गर्ने वा खरिद कारवाही रद्द सम्बन्धी अधिकार यस कार्यालयमा निहित रहनेछ।

६. चमेनागृहमा कुनै टुटफुट वा हानी नोक्सानी भएमा संचालकको तर्फवाट नै मर्मत संभार गर्नुपर्नेछ।

७. प्रति महिना न्यूनतम भाडा रकम रु.२५,०००/- पच्चीस हजार तोकिएको छ। पत्येक ३ महिनामा एक पटक भाडा वापतको रकम अग्रीम बुझाउनु पर्नेछ।

८. आवास र चमेनागृहको लागि प्रयोग हुने आवश्यक फर्निचर लगायतका अन्य सम्पूर्ण सामाग्रोहरुको व्यवस्थापन सम्वन्धित दरभाउपत्रदाताले नै गर्नु पर्नेछ।

९. आवास र चमेनागृहको लागि प्रयोग हुने बिद्युत, खानेपानी, ग्यास, फोहोरमैला व्यवस्थापन शुल्क, इन्टरनेट, टि.भि.केवुल शुल्क लगायतका अन्य सेवा शुल्कहरुको भुक्तानी दायित्व स्वंय दरभाउपत्र दाताको हुनेछ।

१०. कार्यसम्पादन तथा तोकिएका गुणस्तरयुक्त सेवा दिन नसकेमा, सेवा प्रवाहमा ग्राहकका गुनासाहरु आएमा कुनैपनि वेला कार्यालयले सम्झौता भंग गर्नसक्नेछ। सम्झौता भंग गर्दा यस कार्यालयलाई हानी हुने भएमा हानी हुने रकम दरभाउपत्रदाताले राखेको धरौटीवाट कटटा गरीने छ।

११. सम्झौताको नविकरण प्रत्येक बर्ष गर्नु पर्नेछ। प्रत्येक बर्ष दरभाउपत्रदाताले कवोल गरेको भाडा दरमा १०% ले हुने रकम थप हुदै अर्को बषका लागि भाडा कायम हुनेछ।

१२. बुदा नं. १० बमोजिम सम्झौता भंग पश्चात पून नविकरण गर्ने वा नगर्ने वा अर्को व्यवस्था गर्ने सो को निर्णय नगरपालिकाको निर्णयानुसार हुनेछ।

१३. चमेनागृह संञ्चालनका लागि दुवै पक्ष वीच सम्झौता गर्नु पूर्व बर्षको एकमुष्ठ भाडा बुझाउन चाहेमा बार्षिक भाडाको १०% रकम छुट गर्न सकिनेछ। यसरी एकमुष्ठ भाडा नबुझाउने भएमा सम्झौता मितिदेखि आफुले कवोल गरे बमोजिमको ३ महिनाको भाडा सम्झौता गर्नु पूर्व अग्रीम बुझाउनु पर्ने छ। त्यस पछि पहिलो ३ महिना भित्रै अर्को ३ महिनाको भाडा बुझाउनु पर्नेछ। तोकिएको समयभित्र भाडा नबुझाएमा १०% ले हुने रकम जोडी त्यस पटकमा लागि भाडा असुल गरिने छ।

१४. माथि उल्लेख भएका वाहेकमा अन्य सबै नियम, कानूनहरु प्रचलित कानून बमोजिम हुनेछ।

प्रमुख प्रशासकिय अधिकृत